राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ८ अंक ९७ २०८३ कात्तिक १२ गते विहिवार (29 Oct. 2026) पृष्ठ ४ मूल्य रू. ३।-

## एसईई २०८४ का लागि परीक्षा आवेदन फारम खुला




दैनिक समाचारदाता

काठमाडौँ ११ कात्तिक । राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय कक्षा १० ले माध्यमिक शिक्षा परीक्षा (एसईई) २०८४ को लागि कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरूको रजिस्ट्रेशन फारम भर्ने र भराउने सम्बन्धी सूचना प्रकाशित गरेको छ ।

शैक्षिक सत्र २०८३ मा कक्षा ९ मा नियमित अध्ययनरत विद्यार्थीहरूले कात्तिक ९ गतेदेखि मङ्सिर १३ गतेभित्र रजिस्ट्रेशन फारम भरिसक्नुपर्ने छ । प्रतिविद्यार्थी ३ सय रुपैयाँ राजस्व शुल्क तोकिएको छ ।

त्यस्तै, बोर्डले २०८४ सालमा सञ्चालन हुने एसईई परीक्षाका लागि परीक्षा आवेदन फारम भर्ने तथा भराउने सम्बन्धी छुट्टै सूचना पनि जारी गरेको छ ।

यसअनुसार नियमित, खुला तथा प्राविधिक धारतर्फका विद्यालयमा अध्ययनरत विद्यार्थीहरूले २०८३ कात्तिक ०१ गतेदेखि मङ्सिर ०८ गतेभित्र तोकिएको परीक्षा दस्तुर (५०० रुपैयाँ) बुझाई आवेदन फारम भर्न सक्नेछन् ।

## देउवा समूहले सक्यो १० जिल्लामा अधिवेशन



दैनिक समाचारदाता

काठमाडौँ ११ कात्तिक । समानान्तर महाधिवेशन गर्न लागेको नेपाली कांग्रेसको निवर्तमान सभापति शेरबहादुर देउवा समूहले १० वटा जिल्लामा अधिवेशन सम्पन्न गरेको छ । समूहको सम्पर्क कार्यालय चुनदेवीका अनुसार अहिलेसम्म १० जिल्लामा अधिवेशन सम्पन्न भइसकेको छ ।

कार्यालयका अनुसार सङ्खुवासभामा रामकुमार जिमी, डोल्पामा देउप्रसाद बुढा, हुम्लामा सूर्यबहादुर शाही, जुम्लामा नेत्रकला शाही, मुगुमा तिलक मल्ल, रुकुम पश्चिममा नन्दबहादुर विष्ट, कालिकोटमा नगेन्द्र विष्ट, डोटीमा बाजिसिंह खड्का (विजय), बैतडीमा वीर बहादुर विष्ट र रोल्पामा मानबहादुर खत्री अधिवेशनबाट सभापति चुनिएका छन्।

आगामी मंसिर २१ देखि २३ गतेसम्म महाधिवेशन गर्ने गरी कार्यतालिका ल्याएको समूहले कात्तिक ३० गतेसम्म जिल्ला अधिवेशन सक्ने कार्यसूची रहेको नेता एनपी साउदले जानकारी दिए ।

## छठ-तिहारले बढायो माटो र बाँसका सामग्रीको कारोबार

### स्थानीय उत्पादनको माग बढेसँगै कुमाल र डोम समुदायलाई आम्दानीको अवसर, तर बढ्दो लागत र तयारी सामग्रीको प्रतिस्पर्धाले व्यापारमा चुनौती

दैनिक समाचारदाता

जनकपुरधाम, ११ कात्तिक । दीपावली र छठ पर्व नजिकिएसँगै माटो र बाँसबाट बनेका परम्परागत सामग्रीको बिक्री बढेको छ । पर्वका लागि आवश्यक भाँडाकुँडा, कोनिया, नाङ्लो, ढाकीलगायतका सामग्री बनाउन कुमाल र डोम समुदायका कारीगर व्यस्त बनेका छन् । अन्य समयमा खेतबारीमा मजदुरी गरेर जीविकोपार्जन गर्नेहरूका लागि पनि यो मौसम अतिरिक्त आम्दानीको अवसर बनेको छ ।

हिन्दू धर्मावलम्बीको आस्था र विश्वाससँग जोडिएका दीपावली तथा छठ पर्वमा माटो र बाँसबाट निर्मित सामग्रीको विशेष महत्त्व छ । यी पर्वले धार्मिक आस्थालाई मात्र अभिव्यक्त गर्दैनन्, स्थानीय कला, परम्परा र सीपको संरक्षणसँगै विभिन्न समुदायबीचको सामाजिक सद्भावलाई समेत बलियो बनाउँछन् । विशेषगरी छठ पर्वमा प्रयोग हुने सामग्रीले परम्परागत पेसामा आबद्ध समुदायको श्रम र सीपलाई महत्त्वपूर्ण स्थान दिएको छ ।



दीपावलीमा माटोका दियो तथा अन्य भाँडाकुँडाको माग बढ्छ भने छठमा बाँसबाट बनेका कोनिया, नाङ्लो, ढाकीलगायतका सामग्री बढी बिक्री हुन्छन् । यही मौसमी मागका कारण कारीगरहरूको व्यापारमा वृद्धि हुने गरेको छ ।

बाँसका सामग्री बनाउँदै आएका सरोज मल्लिक डोमका अनुसार दसैँदेखि छठसम्मको समय व्यापारका दृष्टिले अनुकूल हुन्छ । उनले बाँसका सामग्री बिक्री गर्न थालेको एक दशक भइसकेको बताए । उनका अनुसार अन्य समयमा दैनिक करिब एक हजार रुपैयाँको कारोबार हुने गरेकामा दसैँदेखि तिहारसम्म कारोबार झन्डै दोब्बर हुने गरेको छ ।

यद्यपि, बिक्री बढे पनि पहिलेको तुलनामा आम्दानीमा अपेक्षित वृद्धि हुन नसकेको उनको भनाइ छ । बाँसको मूल्य बढेसँगै सामग्री उत्पादनको लागत पनि बढेको छ । अर्कोतर्फ, बजारमा तयारी सामग्री उपलब्ध हुन थालेपछि परम्परागत सामग्रीको व्यापारमा प्रतिस्पर्धा बढेको छ ।

माटो र बाँसका सामग्री नियमित रूपमा आवश्यक नपर्ने भएकाले अन्य समयमा व्यापार सीमित हुने गरेको छ । विवाह, व्रतबन्ध, मृत्यु संस्कार तथा घरायसी पूजाआजामा यस्ता सामग्री प्रयोग भए पनि चाडपर्वको मौसममा जस्तो माग वर्षभरि नहुने कारीगरहरूको अनुभव छ । बाँकी पृष्ठ ४मा

## आयात-निर्यातमा वीरगञ्ज भन्सार अगाडि

### तीन महिनामा ३ खर्ब १२ अर्बको आयात, ४७ अर्ब ९२ करोडको निर्यात; १२ भन्सारबाट निर्यात शून्य

दैनिक समाचारदाता

जनकपुरधाम ११ कात्तिक । चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो तीन महिनामा मुलुकका २८ भन्सार नाकामध्ये वीरगञ्ज भन्सारबाट सबैभन्दा बढी मूल्यको वस्तु आयात तथा निर्यात भएको छ।

भन्सार विभागले बुधबार सार्वजनिक गरेको तथ्यांकअनुसार समीक्षा अवधिमा वीरगञ्ज भन्सारबाट ३ खर्ब १२ अर्ब ४० करोड रुपैयाँ बराबरको वस्तु आयात भएको छ। यसै नाकाबाट ४७ अर्ब ९२ करोड रुपैयाँ बराबरको स्वदेशी वस्तु निर्यात भएको छ।




आयातका आधारमा वीरगञ्जपछि भैरहवा र विराटनगर भन्सार छन्। भैरहवा भन्सारबाट ९८ अर्ब ८१ करोड र विराटनगर भन्सारबाट ७८ अर्ब ३३ करोड रुपैयाँ बराबरको वस्तु आयात भएको विभागले जनाएको छ।

त्यस्तै, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सारबाट ५१ अर्ब ६२ करोड, मेची भन्सारबाट २१ अर्ब ४० करोड, रसुवा भन्सारबाट ७ अर्ब ९१ करोड र तातोपानी भन्सारबाट १ अर्ब १५ करोड रुपैयाँ बराबरको वस्तु आयात भएको छ।

निर्याततर्फ वीरगञ्जपछि विराटनगर भन्सार दोस्रो स्थानमा छ। समीक्षा अवधिमा विराटनगर नाकाबाट २९ अर्ब ३५ करोड रुपैयाँ बराबरको वस्तु निर्यात भएको छ। त्यस्तै, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट १२ अर्ब ७१ करोड, भैरहवा

बाँकी पृष्ठ ४मा

अब अनलाइनबाट बुकिङ्को सुविधा
divyaclinicjanakpur.com



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दखाई बिनाको सत्केरी




सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020



# दुई दशक बित्दा पनि टुंगिएन सञ्जयको कथा

## सम्पादकीय

### चाडपर्वमा पनि असुरक्षित मधेश

दसैँलाई असत्यमाथि सत्य, अन्यायमाथि न्याय र हिंसामाथि सद्भावको विजयका रूपमा मनाइन्छ। देवी दुर्गाको आराधना गर्दै नारी सम्मान, शान्ति र समृद्धिको कामना गरिन्छ। तर, विडम्बना ! यही चाडपर्वका समयमा मधेश प्रदेशका विभिन्न जिल्लामा हत्या, बलात्कार, यौन दुर्व्यवहार, घरेलु हिंसा र जातीय विभेदका घटना अभिलेख भएका छन्। इन्सेक मधेश प्रदेश कार्यालयका अनुसार घटस्थापनादेखि पूर्णिमासम्मका घटनाले समाजमा शान्ति र सुरक्षाको अवस्था अझै चुनौतीपूर्ण रहेको देखाउँछन्।

धनुषा, सर्लाही, सप्तरी र महोत्तरीमा अभिलेख भएका घटनाले महिला तथा बालिकाको सुरक्षा, दाइजोका कारण हुने घरेलु हिंसा र जातीय विभेदको गम्भीर समस्या उजागर गरेका छन्। सांस्कृतिक कार्यक्रममा सहभागी हुन गएका बालिका असुरक्षित हुनु, किशोरीको हत्या हुनु र महिलाले दाइजोका नाममा कुटपिट सहनुपर्ने अवस्था दुःखद छ। चाडपर्वले सामाजिक सद्भाव र मेलमिलाप बढाउनुपर्ने हो, तर यस्ता घटनाले उत्सवको वास्तविक सन्देशमाथि नै प्रश्न उठाएका छन्।

दाइजो प्रथा र जातीय विभेद मधेशका पुराना सामाजिक चुनौती हुन्। कानुनले निषेध गरे पनि व्यवहारमा यस्ता कुप्रथा कायम रहनु चिन्ताको विषय हो। दाइजोका नाममा महिलामाथि हुने हिंसालाई पारिवारिक मामिला ठानेर बेवास्ता गर्नु अपराधलाई प्रश्रय दिनु हो। त्यसैगरी, जातका आधारमा अपमान र कुटपिट हुनु समानताको संवैधानिक अधिकारविपरीत छ। यस्ता घटनामा निष्पक्ष अनुसन्धान गरी दोषी ठहरिएकालाई कानुनअनुसार कारबाही गर्नुपर्छ।

मानव अधिकारको प्रश्न हिंसा र अपराधमा मात्र सीमित छैन। उपचार खर्च तिर्न नसक्दा घाइते व्यक्ति अस्पतालमै बस्न बाध्य भएको घटनाले विपन्न नागरिकको स्वास्थ्य सेवामा पहुँचको समस्या पनि देखाएको छ। आर्थिक अभावका कारण नागरिक उपचारबाट वञ्चित हुनु हुँदैन। राज्यले विपन्न तथा असहाय नागरिकका लागि सहज उपचार सहायता र सामाजिक सुरक्षाको व्यवस्था प्रभावकारी बनाउनुपर्छ।

सामाजिक सञ्जालमार्फत त्रास फैलाउने गतिविधि तथा उपचारमा लापरबाही भएको आशङ्कामा अस्पतालमा तोडफोडका घटनाले पनि जिम्मेवार व्यवहार र कानुनी प्रक्रियाको महत्त्व स्पष्ट पारेका छन्। गुनासोको समाधान हिंसा होइन, निष्पक्ष छानबिन र कानुनी उपचार हो।

घटना अभिलेख गर्नु मात्र पर्याप्त हुँदैन। पीडितलाई सुरक्षा, उपचार, कानुनी सहायता र न्याय सुनिश्चित गर्नु राज्यको दायित्व हो। प्रहरी, प्रशासन, स्थानीय तह र नागरिक समाजले हिंसा तथा विभेदविरुद्ध समन्वयात्मक पहल गर्नुपर्छ। महिला, बालबालिका र दलित समुदायको सुरक्षा वर्षभरि सुनिश्चित हुनुपर्छ।

दसैँको वास्तविक सन्देश हिंसा, अन्याय र विभेदको अन्त्य हो। देवीको पूजा गर्दै नारीमाथि हिंसा गर्ने र सद्भावको कुरा गर्दै जातीय विभेद गर्ने प्रवृत्तिको अन्त्य नभएसम्म चाडपर्वको उल्लास अपूर्ण रहन्छ। त्यसैले मधेशलाई सुरक्षित, समतामूलक र हिंसामुक्त बनाउन राज्यको प्रभावकारी कार्यान्वयनसँगै सामाजिक चेतना र सामूहिक प्रतिबद्धता आवश्यक छ।


राजु पासवान

"छोरा पनि गयो, छोराको छोरा पनि गयो ।" ८४ वर्षीय धनेश्वर महराका यी शब्दमा एउटा परिवारले भोगेको दोहोरो वियोग मात्र छैन, सशस्त्र द्वन्द्वले छाडेको कहिल्यै निको नहुने घाउ पनि छ । उमेरले नेटो काटिसक्दा पनि उनको मनमा एउटै प्रश्न जीवित छ( २०६१ सालमा घरबाट लगिएका छोरा सञ्जय महराको अवस्था के भयो ? दुई दशकभन्दा बढी समय बितिसक्दा पनि उनले नछोराको शव देख्न पाएका छन्, न अन्तिम संस्कार गर्न सकेका छन् ।

साविक सिरहा जिल्ला राजपुर गाविस(६ तथा हाल विष्णुपुर गाउँपालिका( ३, गढीया टोलका धनेश्वरका लागि समय बित्नु भनेको छोराको सम्झना बिर्सिंदै जानु होइन । बरु, उमेर ढल्किँदै जाँदा छोराको अवस्थाबारे सत्य थाहा पाउने र न्याय प्राप्त गर्ने आशा कमजोर हुँदै जानु हो । जीवनको उत्तरार्द्धमा आइपुग्दा पनि उनी छोराको मृत्युको यथार्थ र शवको खोजीमा छन् ।

२०६१ भदौ १८ गते राति नेपाली सेनाको टोलीले २६ वर्षीय सञ्जयलाई घरबाट नियन्त्रणमा लिएर लगेको धनेश्वर बताउँछन् । त्यसपछि गाउँनजिकैको कटनीया नदी क्षेत्रमा गोली चलेको आवाज सुनिएको र सञ्जयलाई गोली हानी हत्या गरिएको आफूले जानकारी पाएको उनको भनाइ छ । तर, त्यो रातपछि सञ्जय परिवारको सम्पर्कमा फर्किएनन् । परिवारले उनको शवसमेत फेला पार्न सकेन ।

"छोराको शव पाउन सकेको छैन । अहिलेसम्म काजकिरिया पनि गर्न सकेको छैन," धनेश्वर भन्छन् ।

बेपत्ता व्यक्तिको परिवारका लागि आफन्तको अवस्थाबारे जानकारी नहुनु आफैँमा असह्य पीडा हो । मृत्यु भएको खबर सुन्नु र त्यसलाई पुष्टि गर्ने प्रमाण नपाउनु फरक अवस्था हुन् । धनेश्वरले छोराको हत्या भएको जानकारी पाए पनि शव देख्न नपाउँदा मृत्युको अन्तिम सत्य आफ्नै आँखाले अनुभूत गर्न सकेका छैनन् । छोराको सम्झना र त्यस रातपछि अनुत्तरित बनेका प्रश्न बोकेर उनले जीवनका महत्वपूर्ण वर्ष बिताएका छन् ।

सञ्जय पढेलेखेका युवा थिए । उनले एमए उत्तीर्ण गरेका थिए र गाउँकै विद्यालयमा अध्यापन गर्थे । परिवारका अनुसार उनी माओवादीमा संलग्न थिएनन्, आफ्नो पेसामा आबद्ध थिए । तर, द्वन्द्वकालीन परिस्थितिले उनको जीवनलाई यस्तो मोडमा पुर्‍यायो, जहाँबाट उनी कहिल्यै घर फर्किएनन् ।

धनेश्वरका अनुसार उनका भाइका छोरा मागैन महरालाई माओवादी भएको आरोपमा सुरक्षाकर्मीले गिरफ्तार गरी कारागारमा राखेका थिए । मागैनलाई भेट्न कारागार पुगेका सञ्जयले उनलाई सुरक्षाकर्मीले कुटपिट गरेको थाहा पाएपछि कुटपिट नगर्न आग्रह गरेका थिए । त्यसको भोलिपल्टै सञ्जयलाई घरबाट गिरफ्तार गरिएको धनेश्वर बताउँछन् । त्यसपछि के भयो भन्ने प्रश्नको स्पष्ट र आधिकारिक जवाफ भने परिवारले पाउन सकेको छैन ।

छोरा गिरफ्तारीमा परेपछि धनेश्वर उनको अवस्थाबारे बुझ्न तत्कालीन सिरहाका प्रमुख जिल्ला अधिकारीसमक्ष पुगे । छोराको खोजीमा सरकारी निकायको ढोका ढकढक्याउँदा पनि आफूले न्यायपूर्ण सुनुवाइ नपाएको उनी बताउँछन् । महराका अनुसार अधिकारीले सञ्जयको मृत्यु भइसकेको भन्दै शव किन चाहियो भन्ने आशयको जवाफ दिएका थिए ।

छोरा कहाँ छन्, कसले के गर्‍यो र शव कहाँ छ भन्ने प्रश्नको उत्तर खोज्न गएका बाबुले त्यस्तो जवाफ पाएको अनुभव सुनाउँदा त्यसबेलाको भयावह वातावरणको झल्को मिल्छ । गाउँमा व्याप्त डर र त्रासका कारण थप खोजी गर्न र कानुनी प्रक्रियामा अघि बढ्न नसकेको धनेश्वरको भनाइ छ । न्यायको ढोका ढकढक्याउने साहस र अवसर दुवै सीमित भएका बेला उनको परिवारले पीडा सहनुबाहेक अर्को विकल्प भेटेन ।

सञ्जयको अनुपस्थितिले परिवारमा छाडेको खालीपन समयसँगै अर्को वियोगले झन् गहिरियो । सञ्जयका छोरा विपिन महरा रोजगारीका लागि साउदी अरब गएका थिए । २६ वर्षकै उमेरमा उतै उनको पनि मृत्यु भयो । एकातिर छोराको अवस्थाबारे सत्य पत्ता लगाउन नसकेको पीडा, अर्कोतिर नातिको मृत्युको खबर( धनेश्वरको परिवारले दुई पुस्तामा दुई युवा सदस्य गुमाउनुपर्‍यो ।

"छोरा पनि गयो, छोराको छोरा पनि गयो" भन्ने उनको अभिव्यक्तिले यही दोहोरो क्षतिलाई समेट्छ । तर, विपिनको मृत्युको पीडासँगै सञ्जयको अवस्थाबारेको अनिश्चितता भने अझै बाँकी छ । नातिको मृत्युले परिवारलाई अर्को चोट दियो, तर छोराको शव नपाएको र काजकिरिया गर्न नसकेको पुरानो घाउमा मलम लाग्न सकेन ।

परिवारको आर्थिक अवस्था पनि कमजोर छ । अहिले ज्याला मजदुरीबाट जीविका चलाउनुपर्ने अवस्था रहेको धनेश्वर बताउँछन् । लामो समयसम्म आफन्तको खोजी, न्यायको प्रतीक्षा र सीमित आर्थिक स्रोतबीच परिवारले जीवन धानिरहेको छ । द्वन्द्वले दिएको चोट केवल एक व्यक्तिको ज्यान गुम्नुमा सीमित हुँदैन । त्यसले परिवारको आर्थिक आधार, सामाजिक सम्बन्ध र मानसिक अवस्थासमेत प्रभावित पार्छ । धनेश्वरको परिवारको जीवनमा यी असर एकपछि अर्को गरी थपिएका छन् ।

सरकारले द्वन्द्वपीडित परिवारलाई एकपटक १० लाख रुपैयाँ राहत उपलब्ध गराएको धनेश्वर बताउँछन् । त्यसपछि थप राहत वा उचित क्षतिपूर्ति प्राप्त हुन नसकेको उनको गुनासो छ । तर, उनले खोजेको न्यायलाई रकममा मात्र मापन गर्न सकिँदैन । राहतले जीवन धान्न केही सहयोग गर्न सक्छ, तर छोराको अवस्था के भयो भन्ने प्रश्नको जवाफ दिन सक्दैन । न त त्यसले शव नपाउँदाको पीडा र अन्तिम संस्कार गर्न नपाएको अपूरोपन हटाउन सक्छ ।

धनेश्वरको माग स्पष्ट छ( छोराको वास्तविक अवस्था सार्वजनिक हुनुपर्छ । मृत्यु भएको हो भने त्यसको सत्यतथ्य पत्ता लाग्नुपर्छ । शव वा अवशेष फेला परे परिवारलाई हस्तान्तरण गरिनुपर्छ र घटनामा संलग्न जिम्मेवार व्यक्तिमाथि कानुनी प्रक्रिया अघि बढ्नुपर्छ । उनी केवल विगत सम्झेर दुःख पोखिरहेका छैनन्, आफ्नो परिवारले भोगेको घटनाको सत्य स्थापित होस् भन्ने माग गरिरहेका छन् ।

नेपालमा सशस्त्र द्वन्द्व अन्त्य भएको र विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर भएको लामो समय बितिसकेको छ । द्वन्द्वकालमा भएका मानव अधिकार उल्लङ्घनका घटनाको सत्यतथ्य पत्ता लगाउन, पीडितलाई न्याय दिलाउन र परिपूरण उपलब्ध गराउन राज्यले सङ्क्रमणकालीन न्यायका संयन्त्र निर्माण गरेको छ । सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगमार्फत द्वन्द्वकालीन घटनाका उजुरी सङ्कलन तथा अनुसन्धान गर्ने व्यवस्था गरिएको छ ।

यद्यपि, उजुरी दर्ता हुनु र पीडितले न्यायको अनुभूति गर्नु एउटै कुरा होइन । वर्षौंसम्म अनुसन्धानको परिणाम पर्खिरहेका परिवारका लागि न्याय प्रक्रियाको गति र त्यसबाट प्राप्त हुने नतिजा उत्तिकै महत्वपूर्ण हुन्छन् । धनेश्वरजस्ता पीडितका लागि सत्य पत्ता लगाउनु विगतको अभिलेख तयार गर्नु मात्र होइन, जीवनभर बोकेको अन्योलबाट मुक्त हुने आधार पनि हो ।

बेपत्ता पारिएका व्यक्तिका परिवारले आफ्ना प्रियजनको अवस्थाबारे सत्य थाहा पाउने अधिकार राख्छन् । घटनाको निष्पक्ष अनुसन्धान, पीडित परिवारको सहभागिता, जिम्मेवार व्यक्तिमाथि कानुनी कारबाही र प्रभावकारी परिपूरण सङ्क्रमणकालीन न्यायका महत्वपूर्ण पक्ष हुन् । शव वा अवशेष पहिचान भए सम्मानपूर्वक परिवारलाई हस्तान्तरण गर्नु र परिवारको सांस्कृतिक तथा सामाजिक अधिकारको सम्मान गर्नु पनि उत्तिकै आवश्यक छ ।

धनेश्वरको जीवनले एउटा गम्भीर प्रश्न उठाउँछ( न्यायको प्रतीक्षा कति लामो हुनुपर्छ ? राज्यका निकायले घटनाबारे सत्य पत्ता लगाउन नसक्दा वा पीडितले त्यसको अनुभूति गर्न नसक्दा समयसँगै पीडा हराउँदैन । बरु, आफन्तको अवस्थाबारे थाहा नपाई जीवनको उत्तरार्द्धमा पुगेका परिवारका लागि प्रत्येक वर्ष थप अनिश्चितता बनेर आउँछ ।

धनेश्वरले गुमाएको छोरा फर्काउन सकिँदैन । नातिको मृत्युबाट भएको क्षति पनि पूर्ति हुन सक्दैन । तर, परिवारले भोगेको घटनाको सत्य पत्ता लगाउन, न्यायको बाटो खोल्न र उनीहरूको बाँकी जीवनलाई केही सहज बनाउन राज्यले गर्न सक्ने काम अझै छन् । राहत वितरणमा सीमित नभई सत्य, न्याय, क्षतिपूर्ति र परिपूरणको प्रभावकारी व्यवस्था गर्नु राज्यको दायित्व हो ।

"छोरा पनि गयो, छोराको छोरा पनि गयो ।" धनेश्वरका यी शब्द एउटा वृद्ध बाबुको विलाप मात्र होइनन्, द्वन्द्वपीडित परिवारले राज्यसँग गरिरहेको न्यायको आग्रह पनि हो । उनका लागि दुई दशकभन्दा लामो समय बितिसक्दा पनि सञ्जयको कथा टुंगिएको छैन । छोराको शव नदेखेका, काजकिरिया गर्न नपाएका र घटनाको सत्यतथ्यबारे स्पष्ट जवाफ नपाएका धनेश्वर अझै उत्तरको प्रतीक्षामा छन् ।

## तपाईको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : विहान तनाव, दौडधुप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

विज्ञान/प्रविधि

# लगभग हरेक सङ्क्रमण पत्ता लगाउने आनुवंशिक प्रविधि



यसले कोभिड-१९ को पहिचान गऱ्यो। अहिले यही आनुवंशिक प्रविधिले चिकित्सकहरूलाई जीवन र मृत्युबीचको निर्णय लिन मद्दत गरिरहेको छ।

सन् २०१९ को डिसेम्बरको अन्त्यतिर चीनका तीन प्रमुख सहरका भाइरोलोजिस्टहरूको एउटा टोलीले रहस्यमय प्रकारको गम्भीर निमोनियाका कारण अस्पतालमा भर्ना भएका बिरामीहरूबाट सङ्कलन गरिएका स्वाबका नमुनाहरूको विश्लेषण गर्न थाल्यो।

ती सबै बिरामीहरू बिरामी हुनुअघि वुहानस्थित ख्वानान समुद्री खाद्य बजार सी फूड मार्केटमा पुगेका थिए। तर भाइरोलोजिस्टहरूले ती नमुनाहरू परीक्षण गर्दा कुनै स्पष्ट नतिजा फेला पार्न सकेनन्। नमुनामा रहेको आनुवंशिक पदार्थ पहिले पत्ता लागिसकेको कुनै पनि प्याथोजेनसँग मेल खाएन।

त्यसपछि चिकित्सकहरूले मेटाजेनोमिक परीक्षण नामको नयाँ परीक्षण विधिको सहारा लिए। पहिले नै चिनिएका सूक्ष्म जीवहरूको मात्र जाँच गर्नुको सट्टा यो परीक्षणले नमुनामा रहेका सबै सूक्ष्मजीवहरू पत्ता लगाउन सक्थ्यो। चाहे ती पहिला नै पहिचान गरिएका हुन् वा नगरिएका नै किन नहोउन्।

यो परीक्षणले बिरामीहरूको नमुनामा रहेको प्याथोजेन कोरोनाभाइरस फ्यामिलीसँग निकै मिल्दोजुल्दै रहेको देखायो। यसमा मिडल इस्ट रेस्पिरेटरी सिन्ड्रोम जस्ता मानिसमा गम्भीर निमोनियाको प्रकोप गराइसकेका भाइरसहरू पनि समावेश थिए।

"अघिल्ला महामारीहरूको तुलनामा यो एउटा ठूलो परिवर्तन (गेम चेन्जर) थियो," सिङ्गापुरको न्याशनल युनिभर्सिटी अफ सिङ्गापुरका सहप्राध्यापक निरञ्जन नागराजनले भने। प्याथोजेन के थियो भन्ने कुरा थाहा पाउनुले कोभिड-१९ को पहिचान गर्ने परीक्षणहरू छिटो विकास गर्न सम्भव बनायो जसले भाइरसको फैलावट नियन्त्रण गर्ने प्रयासमा मद्दत गऱ्यो। साथै यसले विश्वभरि उपचार र खोपहरूको खोजीलाई तीव्रता दियो।

आजसम्म मेटाजेनोमिक्सको सबैभन्दा चर्चित प्रयोग यही नै हो। तर अहिले यो परीक्षण अस्पतालहरूमा पनि बढ्दो रूपमा प्रयोग हुन थालेको छ। सेप्सिस (रगतमा सङ्क्रमणका कारण उत्पन्न हुने गम्भीर अवस्था) को छिटो निदान गर्नेदेखि लिएर स्पष्ट कारण पत्ता नलागेका रोगहरूको कारण पहिचान गर्नेसम्म यसले पहिले नै मानिसहरूको जीवन बचाइरहेको छ।

### *थाहा नभएको कुराको खुलासा*

जब कुनै बिरामी दुविधामा हुने, झुम्म हुने, ज्वरो आउने, टाउको दुख्ने र कमजोर महसुस हुनेजस्ता लक्षणहरू लिएर स्नायु रोगसम्बन्धी वार्डमा आइपुग्छ तब चिकित्सकहरूलाई यो जीवन र मृत्युबीचको सङ्घर्ष हुनसक्ने आपत्कालीन अवस्था हो भन्ने कुराको राम्रोसँग ज्ञान हुन्छ।

यी लक्षणहरूले मेनिन्जाइटिस वा इन्सेफलाइटिसको सङ्केत गर्न सक्छन्। यी मस्तिष्क र मेरूदण्डलाई असर गर्ने घातक अवस्थाहरू हुन्। तर चिकित्सकहरूले प्रायः एउटा गम्भीर दुविधाको सामना गर्नुपर्छ। सबैभन्दा उपयुक्त उपचार बिरामीको अवस्था भाइरस वा ब्याक्टेरियाका कारण भएको हो अथवा मस्तिष्कको प्रतिरक्षा प्रणालीले अत्यधिक प्रतिक्रिया जनाएका कारण भएको हो भन्ने कुरामा निर्भर हुन्छ। तर सीमित परीक्षण सुविधा र कम समयका कारण चिकित्सकहरू प्रायः सम्भावित सबै कारणलाई ध्यानमा राखेर उपचार गर्न बाध्य हुन्छन्।

"तपाईंले निर्णय तत्कलै लिनुपर्ने हुन्छ," अमेरिकाको क्यालिफोर्निया विश्वविद्यालय सान फ्रान्सिस्कोको चिकित्सा विभागका प्राध्यापक तथा सङ्क्रामक रोग विशेषज्ञ चार्ल्स चिओ भन्छन्। उनी मेटाजेनोमिक परीक्षणको प्रयोगसम्बन्धी नयाँ अध्ययनहरू गरिरहेका छन्। "हाल गम्भीर अवस्थामा रहेका बिरामीहरूलाई चिकित्सकहरूले सङ्क्रमण र अटोइम्युन डिजिज दुवैको उपचार गर्छन्।"

### *'न्यूमोनिक प्लेग' कोभिडजस्तै विश्वभर फैलन सक्ने सम्भावना कति*

'मस्तिष्क खाने कीटाणु' विश्वभरि फैलिने डर

केही हदसम्म यो विरोधाभासपूर्ण छ किनभने बिरामीलाई सङ्क्रमण भएको हुन सक्ने अवस्थामा पनि उसको प्रतिरक्षा प्रणालीलाई दबाउने उपचार गर्नुपर्ने हुन्छ।

"तर प्रायः अर्को विकल्प हुँदैन," चिओ भन्छन्।

अहिले मेटाजेनोमिक्सले यस्ता निर्णयहरू लिन चिकित्सकहरूलाई मद्दत गरिरहेको छ। चिओ र उनका सहकर्मीहरूको मस्तिष्क र मेरुदण्डलाई घेरेर राख्ने तरल पदार्थ अर्थात् सेरेब्रोस्पाइनल फ्लुइड भित्र प्याथोजेनहरू पहिचान गर्न एउटा अग्रणी मेटाजेनोमिक परीक्षण विकास गरेका छन्। यो परीक्षणले चिकित्सकहरूलाई थाहै नभएको अवस्थामा बिरामीका लक्षणहरूको वास्तविक कारण बनिरहेको प्याथोजेन पत्ता लगाएका उदाहरणहरू पनि फेला परिसकेका छन्।

उदाहरणका लागि चिउले मेनिन्जाइटिस र कलेजो फेल हुने समस्या भएको निदान गरिएकी एक बिरामीलाई भेटेका थिए। उनको कलेजो प्रत्यारोपण गर्ने तयारी भइरहेको थियो। तर उनको मेरुदण्डीय तरल पदार्थमा गरिएको मेटाजेनोमिक परीक्षणले उनी वास्तवमा हेपाटाइटिस ई भाइरसबाट सङ्क्रमित भएको खुलासा गऱ्यो।

हेपाटाइटिस ई कलेजोको रोग निम्त्याउनसक्ने पहिल्यै चिनिएको र उपचार गर्न सकिने कारण हो। तर अमेरिकाजस्ता उच्च आय भएका देशहरूमा यसको परीक्षण सामान्यतया गरिँदैन।

"हामीले उनलाई भाइरसविरुद्ध काम गर्ने औषधि दियौँ, उनको स्वास्थ्यमा सुधार आयो र यसरी हामीले उनलाई कलेजो प्रत्यारोपण गराउनुपर्ने अवस्थाबाट बचायौँ," चिओले भने।

### *समयविरुद्धको दौड*

कमजोर प्रतिरक्षा प्रणाली भएका मानिसहरूका लागि कुनै पनि सङ्क्रमण छिट्टै ज्यानै लिन सक्ने खतरामा परिणत हुन सक्छ। अङ्ग प्रत्यारोपण गरिएका बिरामीहरू, प्रतिरक्षा प्रणालीलाई दबाउने उपचार गराइरहेका क्यान्सरका बिरामीहरू र अटोइम्युन डिजिज भएका व्यक्तिहरूले सधैँ उच्च सतर्कता अपनाउनुपर्छ।

अध्ययनहरूले सङ्क्रमणका कारण सेप्सिस वा रगतमा विषाक्तता उत्पन्न भएका प्रतिरक्षा प्रणाली कमजोर पारिएका बिरामीहरूको अस्पतालमा मृत्यु हुने जोखिम अन्य बिरामीहरूको तुलनामा २३ प्रतिशत बढी हुन्छ। तर यस्ता अवस्थामा छोटो निदान गर्नु सधैँ सजिलो हुँदैन।

"निमोनिया वा सेप्सिसजस्ता अवस्थाहरू सयौँ सम्भावित प्याथोजेनहरूका कारण हुन सक्छन्। त्यसैले निदान गर्न निकै लामो प्रक्रिया पार गर्नुपर्छ र हामीले एकपछि अर्को परीक्षणका लागि नमुना पठाउनुपर्ने हुन्छ," चिओ भन्छन्। "यो समयसँगको दौड हुन सक्छ।"

आर्टिफिसिअल इन्टेलिजेन्सले व्यक्तिको जीन कसरी अभिव्यक्त भइरहेको छ भन्ने विश्लेषण गरेर कुन प्याथोजेनले क्षति पुऱ्याइरहेको छ भन्ने पहिचान गर्न मद्दत गर्न सक्छ। उदाहरणका लागि व्यक्तिले शरीरले कुन कुन प्रोटीन उत्पादन गरिरहेको छ भन्ने कुरा यसले विश्लेषण गर्न सक्छ। यसका आधारमा बिरामीको प्रतिरक्षा प्रणालीले भाइरससँग लडिरहेको छ वा भाइरससँग कुनै विशेष समस्या नदेखाइ रहिरहेको छ भन्ने अनुमान गर्नसकिन्छ।

"यसले हामीलाई व्यक्तिअनुसार उपचार गर्ने चिकित्सकीय पद्धति अपनाउने क्षमता दिन्छ। यसबाट हामी प्रत्येक बिरामीका लागि सबैभन्दा उपयुक्त उपचार अनुकूलित वा व्यक्तिगत आवश्यकता अनुसार तय गर्न सक्छौँ," चिओ भन्छन्।

### *जनस्वास्थ्यलाई पुनः आकार दिँदै*

मेटाजेनोमिक्स कति प्रभावकारी हुन सक्छ भन्नेबारे थप तथ्याङ्कहरू प्राप्त हुँदै जाँदा अस्पतालहरूमा यस्तो भूमिका अझ बढ्दै जान सक्छ।

उदाहरणका लागि गत वर्ष लन्डनका दुई अस्पतालमा गरिएको एउटा प्रारम्भिक अध्ययनले श्वासप्रश्वाससम्बन्धी सङ्क्रमणका कारण अस्पतालमा भर्ना भएका बिरामीहरूबारे मेटाजेनोमिक्सले थप जानकारी दिन सक्छ कि सक्दैन भन्ने अध्ययन गरेको थियो। अध्ययनले नियमित परीक्षणबाट पत्ता नलाग्ने प्याथोजेनहरूलाई मेटाजेनोमिक परीक्षणले ३० प्रतिशत अवस्थामा पहिचान गर्न सक्ने देखायो।

एउटा घटनामा यो परीक्षणले एक बिरामीलाई जटिल शल्यक्रिया गर्नुपर्ने अवस्थाबाट बचायो। ती बिरामीलाई फोक्सोको क्यान्सर भएको ठानिएको थियो तर वास्तवमा उनलाई क्षयरोग भएको रहेछ।

यो परीक्षणले श्वासप्रश्वाससम्बन्धी भाइरस पार्भोभाइरस बी१९ का दुईवटा सङ्क्रमणका घटनासमेत पहिचान गऱ्यो। ब्रिटेन र युरोपका सम्बन्धित निकायहरूले यो भाइरसको सङ्क्रमण बढिरहेको भन्दै जनस्वास्थ्यसम्बन्धी चेतावनी जारी गर्नुभन्दा केही महिनाअघि नै परीक्षणले ती सङ्क्रमण पत्ता लगाएको थियो। यसले महामारीका सङ्केतबारे सम्बन्धित निकायहरूलाई समयमै जानकारी दिन मेटाजेनोमिक्स उपयोगी हुन सक्ने देखाउँछ।

वास्तवमा नागराजनका अनुसार सिङ्गापुरका धेरै प्रयोगशालाहरूले अहिले ढल र हावाका नमुनाहरूमा मेटाजेनोमिक परीक्षण गरिरहेका छन्। त्यसपछि प्राप्त तथ्याङ्कलाई नयाँ भाइरसका सङ्केतहरू खोज्न तालिम दिइएका एआई मोडेलहरूबाट विश्लेषण गरिन्छ। यो काम भविष्यमा अर्को महामारी फैलिन नदिन गरिएका प्रयासहरूको एउटा हिस्सा हो।

यस्तै सक्रिय निगरानीले कोभिड-१९ का पहिलो सङ्क्रमणहरू आधिकारिक रूपमा नष्ट हुनुभन्दा केही महिनाअघि नै फोहोर पानीमा कोभिड-१९ का अवशेषहरू भेटिएको देखाएको थियो।

साभार: बीबीसी/नेपाली

विहानको सुरुवात ताजा समाचारसँगै । विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com

राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

# ट्राफिक नियम उल्लङ्घन गर्ने ६४३ चालक कारबाहीमा

## २४ घण्टामा मापसे गर्ने ६८ र तीव्रगतिमा सवारी चलाउने १०३ जना कारबाहीमा

दैनिक समाचारदाता
काठमाडौं ११ कात्तिक । काठमाडौं उपत्यकामा पछिल्लो २४ घण्टामा ट्राफिक नियम उल्लङ्घन गर्ने ६४३ जना सवारीचालक कारबाहीमा परेका छन्। ट्राफिक प्रहरीले उपत्यकाका विभिन्न स्थानमा सञ्चालन गरेको नियमित तथा विशेष जाँचका क्रममा उनीहरू कारबाहीमा परेका हुन्।

काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक नरेशराज सुवेदीका अनुसार सडक दुर्घटना न्यूनीकरण, सवारी आवागमन व्यवस्थित र ट्राफिक नियमको प्रभावकारी कार्यान्वयन गर्ने उद्देश्यले निगरानी तथा जाँचलाई तीव्रता दिइएको हो।



कार्यालयका अनुसार कारबाहीमा पर्नेमा मादक पदार्थ सेवन (मापसे) गरी सवारी चलाउने ६८ जना, सिसीटिभी क्यामेराको निगरानीबाट पहिचान भएका ४० जना र ट्राफिक बत्तीको संकेत उल्लङ्घन गर्ने ३४ जना छन्।

त्यस्तै, तीव्रगतिमा सवारी चलाउने १०३ जना, निषेधित क्षेत्रमा हर्न बजाउने नौ जना, सवारीसाधनको अवस्था ठीक नभएका आठ जना र एकतर्फी सडकमा नियमविपरीत सवारी चलाउने आठ जना कारबाहीमा परेका छन्। अन्य विभिन्न ट्राफिक नियम उल्लङ्घन गर्ने ३७३ जनालाई समेत कारबाही गरिएको कार्यालयले जनाएको छ। कारबाहीमा परेका चालकलाई प्रचलित सवारी तथा यातायातसम्बन्धी कानुनअनुसार जरिवानालगायत आवश्यक कारबाही गरिएको प्रहरीले जनाएको छ।

प्रवक्ता सुवेदीले ट्राफिक नियम उल्लङ्घन गर्नेलाई कारबाही गर्नुको उद्देश्य जरिवाना असुल गर्नु मात्र नभई सडक दुर्घटना न्यूनीकरण र नागरिकको सुरक्षित यात्रा सुनिश्चित गर्नु रहेको बताए।

मादक पदार्थ सेवन गरी सवारी चलाउने, तीव्रगतिमा सवारी हाँक्ने, ट्राफिक संकेतको बेवास्ता गर्ने तथा जथाभावी सवारी चलाउने प्रवृत्तिले दुर्घटनाको जोखिम बढाउने भएकाले त्यस्ता गतिविधि नियन्त्रण गर्न निगरानी र जाँचलाई निरन्तरता दिइएको कार्यालयले जनाएको छ।

ट्राफिक प्रहरीले मुख्य सडक, चोक तथा बढी सवारी चाप हुने क्षेत्रमा नियमित जाँच गर्नुका साथै सिसीटिभी क्यामेरामार्फत नियम उल्लङ्घन गर्ने चालकको पहिचान गरी कारबाही गर्दै आएको छ।

कार्यालयले सवारी चलाउँदा निर्धारित गति कायम गर्न, मादक पदार्थ सेवन गरी सवारी नचलाउन, ट्राफिक संकेतको पालना गर्न र पैदलयात्रुको सुरक्षामा ध्यान दिन सबै चालकलाई आग्रह गरेको छ।

सडक अनुशासन कायम गर्न तथा सुरक्षित यातायात प्रणाली विकास गर्न निगरानी, जाँच र जनचेतनामूलक कार्यक्रमलाई निरन्तरता दिने कार्यालयले जनाएको छ।

# अर्नब चक्रवातले आन्ध्र प्रदेशमा ३ जनाको मृत्यु, ७ सयभन्दा बढी गाउँ प्रभावित



दैनिक समाचारदाता
काठमाडौं ११ कात्तिक । शक्तिशाली चक्रवात अर्नबको वितण्डाका कारण भारतको आन्ध्र प्रदेशमा तीन जनाको मृत्यु भएको छ भने ३१ वटा घरमा क्षति पुगेको छ । राष्ट्रिय विपद् प्रतिक्रिया बल (एनडीआरएफ) का वरिष्ठ अधिकारीका अनुसार तटीय राज्य आन्ध्र प्रदेशका ७१४ वटा गाउँ यस आँधीबाट प्रभावित भएका छन् ।

अत्यधिक प्रभावित हुने अनुमान गरिएका आन्ध्र प्रदेश र ओडिसाका साथै छत्तीसगढ, झारखण्ड, पुडुचेरी, तेलङ्गाना र अन्डामान तथा निकोबार द्वीपसमूहमा पनि एनडीआरएफ टोली परिचालन गरिएको छ ।

एनडीआरएफका महानिरीक्षक (आईजी) नरेन्द्र सिंह बुन्देलाले पत्रकार सम्मेलनमा यी सबै क्षेत्रमा गरी कुल ३९ वटा टोली खटाइएको जानकारी दिएका छन् । उनका अनुसार गएराति थप चार वटा टोली आन्ध्र प्रदेश पठाइएको छ ।

चक्रवात अर्नब दक्षिणी राज्य आन्ध्र प्रदेशको तटीय क्षेत्रमा ठोक्किएको थियो । तटीय क्षेत्रमा ठोक्किएपछि यो अति गम्भीर चक्रवाती आँधीबाट केही कमजोर भई गम्भीर चक्रवातमा परिणत भएको जनाइएको छ ।

## छठ-तिहारले......

जनकपुरधाम उपमहानगरपालिकाकी ललिता दासका अनुसार दीपावली र छठ मधेसका प्रमुख पर्व भएकाले यस समयमा माटो र बाँसका सामग्रीको माग स्वाभाविक रूपमा बढ्छ । मधेसका विभिन्न चाडपर्व तथा पूजाआजामा यस्ता सामग्रीको प्रयोग परम्परासँग जोडिएकाले तिनको खरिदबिक्रीले स्थानीय कारीगरलाई रोजगारी र आम्दानीको अवसर प्रदान गर्ने गरेको उनले बताइन् ।

स्थानीय कुमालले उत्पादन गरेका माटाका सामग्री र मरिक (डोम) समुदायले बनाएका बाँसका सामग्रीको कारोबार स्थानीय बजारमै हुनु सकारात्मक पक्ष भएको जनकपुर उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारीले बताए । यसले स्थानीय उत्पादनको प्रवर्द्धन गर्नुका साथै जिल्लाभित्रै आर्थिक गतिविधि बढाउन सहयोग पुग्ने उनको भनाइ छ ।

स्थानीयस्तरमा उत्पादित सामग्रीको खरिदबिक्रीले आम्दानीको ठूलो हिस्सा आफ्नै समुदाय र क्षेत्रमा रहने अवसर सिर्जना गर्छ । साथै, परम्परागत सीपको पुस्तान्तरण र स्थानीय उत्पादनको बजार विस्तारमा पनि यसले योगदान पुऱ्याउँछ ।

# बिहीबारदेखि देशका विभिन्न क्षेत्रमा वर्षा हुने

दैनिक समाचारदाता
काठमाडौं ११ कात्तिक । नेपाल मौसम विज्ञान विभागले बङ्गालको खाडीमा बनेको अति शक्तिशाली चक्रवात ‘अर्नब’ भारतको आन्ध्र प्रदेशबाट जमिन प्रवेश गरेको जनाएको छ । यसको प्रभावले नेपालका केही भू-भागमा समेत बादल लागिरहेको र बिहीबारदेखि देशका विभिन्न क्षेत्रमा वर्षा हुने विभागको भनाइ छ ।

विभागको मौसमविद् बिनु महर्जनले बङ्गालको खाडीमा विकसित चक्रवात ‘अर्णव’ को प्रभावले नेपालका विभिन्न प्रदेशमा भारीदेखि अतिभारी वर्षा तथा हिमाली क्षेत्रमा हिमपातको सम्भावना रहेको जानकारी दिइन् ।

“चक्रवातको प्रभाव नेपालमा देखिन थालिसकेको छ । हाल लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा आंशिक बदली रहेको र बिहान लुम्बिनी प्रदेशका एकदुई स्थानमा हल्का वर्षासमेत भएको थियो,” उनले भनिन्, “चक्रवात आन्ध्र प्रदेश र यानमको तटीय क्षेत्रबाट जमिनतर्फ प्रवेश गरेको छ । उक्त प्रणाली क्रमशः उत्तरपश्चिमतर्फ सर्दै आगामी दिनमा कमजोर अवस्थामा उत्तर प्रदेश र बिहार आसपास पुग्ने पूर्वानुमान छ ।”

महर्जनका अनुसार यसको प्रभावले नेपालमा पनि बदली, वर्षा र हिमपातको सम्भावना रहेको छ । शनिबारसम्म कोशी, मधेस, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका हिमाली भूभागका अधिकांश स्थानमा मध्यम वर्षाको सम्भावना रहेको उनको भनाइ छ । कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी तथा तराई भूभागका धेरै स्थानमा पनि मध्यम वर्षा हुनसक्ने पूर्वानुमान गरिएको छ ।

यसैगरी, कोशी, मधेस, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका थोरै स्थानमा भारी तथा एकदुई स्थानमा अति भारी वर्षाको सम्भावना रहेको महर्जनले बताइन् । कर्णाली र सुदूरपश्चिम प्रदेशका केही स्थानमा मेघगर्जन, चट्याङ तथा असिनासहित वर्षा हुनसक्ने सम्भावना पनि रहेको छ ।

मौसमविद् महर्जनले सम्भावित वर्षाका कारण कृषि कार्य, पर्वतारोहण, पदयात्रा तथा पर्यटन गतिविधिमा असर पर्नसक्ने भएकाले आवश्यक सतर्कता अपनाउन आग्रह गरेकी छन् । विशेषगरी धानबाली भित्र्याउने किसानलाई मौसमको पूर्वानुमान हेरेर काम गर्न तथा उच्च पहाडी र हिमाली क्षेत्रमा यात्रा गर्ने पर्यटकलाई मौसम अनुकूल नभएसम्म सुरक्षित स्थानमा रहन उनले सुझाव दिइन् ।

वर्षाका कारण बाढी, पहिरो, सडक अवरोध तथा हवाई यातायात प्रभावित हुनसक्ने भएकाले सर्वसाधारण र सम्बन्धित निकायलाई आवश्यक पूर्वतयारी गर्न आग्रह गरिएको छ ।

## आयात........

भन्सारबाट ११ अर्ब ५१ करोड र मेची भन्सारबाट ९ अर्ब ३३ करोड रुपैयाँ बराबरका वस्तु निर्यात भएका छन्।

मुलुकका २८ भन्सार नाकाबाट आयात भइरहे पनि १२ वटा भन्सार कार्यालयबाट भने समीक्षा अवधिमा कुनै पनि वस्तु निर्यात हुन सकेको छैन।

विभागको तथ्यांकअनुसार भद्रपुर, जनकपुर, महेशपुर, पोखरा, राजविराज, सती, सिराहा, सुनसरी, सुठौली, तातोपानी, ठाडी र त्रिवेणी भन्सार कार्यालयबाट एक रुपैयाँ बराबरको पनि वस्तु निर्यात भएको छैन।

चीनसँगको प्रमुख व्यापारिक नाका तातोपानीबाट समीक्षा अवधिमा १ अर्ब १५ करोड रुपैयाँ बराबरको वस्तु आयात भए पनि निर्यात शून्य रहेको छ। यसले आयात भइरहेका सबै भन्सार नाकाबाट निर्यातसमेत हुन नसकेको तथ्यांकले देखाएको छ।

स्वस्थ रहन: जीवनशैली परिवर्तन गरौं

असन्तुलित खानपिन तथा जीवनशैलीका कारण विभिन्न रोगहरु लाग्न सक्छन् ।
त्यसैले,
❖ स्वस्थ र सन्तुलित खाना खाऔं,
❖ शारीरिक क्रियाकलाप तथा नियमित व्यायाम गरौं,
❖ मदिरा तथा सुर्तिजन्य पदार्थको उपभोग नगरौं,
❖ प्रशस्त मात्रामा पानी पिउने गरौं,
❖ तनाव व्यवस्थापन गरौं ।



नेपाल सरकार
विज्ञापन बोर्ड

अब उत्कृष्ट भविष्यको रोजाई



MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

“आजको सही निर्णय, भोलिको सफल भविष्य”

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

Janakpurdham-4,Dhanusha Nepal
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम

‘समाचार दैनिक जनकपुर’का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४